# विद्युत कटौतीको बेलामा निःशुल्क अतिरिक्त सहायता प्राप्त गर्नुहोस्।

प्राथमिक सेवाहरूका लागि दर्ता गर्नुहोस्।

Scottish & Southern Electricity Networks

# जसलाई सबैभन्दा बढी खाँचो छ उसकै लागि अतिरिक्त सहायता

हामी स्कटल्याण्डको उत्तरी भाग र मध्य दक्षिणी इङ्गल्याण्ड भरिको समुदायहरूमा विद्युत ल्याउने तारहरू र केबुलहरूको हेरचाह गर्ने मानिसहरू हौँ। **हामी तपाईंलाई विद्युतको महसुल पठाउने कम्पनी होइनौं** – हाम्रो काम वास्तविक विद्युतीय सञ्जालको रेखदेख गर्नु तथा मर्मतसम्भार गर्नु हो। विद्युतीय कटौती यथासक्य चाँडो र सुरक्षित रूपमा मर्मत गर्नु पनि हाम्रो काम हो।



हामीलाई थाहा छ कि विद्युतीय कटौती हुनु चिन्ताजनक वा असहज हुन सक्छ, त्यसैले हामी नि:शुल्क अतिरिक्त मद्दत र सहायता प्रदान गर्छौं। तपाईंलाई कस्तो अतिरिक्त सहायता आवश्यक पर्छ भन्ने कुरा हामीलाई अग्रिम थाहा भयो भने हामी तपाईंलाई निकै राम्रो र छिटो मद्दत गर्न सक्छौं। यदि तपाईं अस्थायी रूपमै भए पनि प्राथमिकता सेवाको लागि दर्ता हुन चाहनुहुन्छ भने, कृपया हामीलाई **0800 294 3259** मा सम्पर्क गर्नुहोस् वा संलग्न गरिएको फाराम पूरा गर्नुहोस्।



## यदि तपाईंमा निम्न कुराहरू छन् भने तपाईं हाम्रो रजिस्टरमा हुन चाहन सक्नुहुन्छ:

- बहिरो हुनुहुन्छ वा कान सुन्न कठिन छ
- कुनै अशक्तता छ
- पाँच वर्षमुनिको बालबालिकासँग बस्नुहुन्छ
- दृष्टिविहीन हुनुहुन्छ वा आंशिक रूपमा मात्र देख्नुहुन्छ
- कुनै दीर्घरोग छ
- विद्युतमा निर्भर रहने चिकित्सकीय उपकरण/सहायता प्रयोग गर्नुहुन्छ
- 60 वर्षभन्दा बढी उमेरको हुनुहुन्छ

पक्कै पनि, प्रत्येक व्यक्तिको आवश्यकताहरू भिन्दाभिन्दै हुन्छन्, त्यसैले आफ्नो आवश्यकताहरूको बारेमा छलफल गर्न हामीलाई सम्पर्क गर्न नहिच्किचाउनुहोला।

# हामी केके प्रदान गर्ने लक्ष्य राख्छौं

## विद्युतीय कटौतीको समयमा प्राथमिकतामा राख्ने

हाम्रो प्राथमिकता सेवा लाइन दिनको 24 घण्टा नै उपलब्ध छ। आवश्यक मर्मतसम्भारको लागि हामीलाई तपाईंको विद्युत कटौती गर्नुपर्‍यो भने हामी तपाईंलाई वा तपाईंले मनोनित गर्नुभएकोमा सम्पर्क गर्नेछौं।

## स्थानीय आपतकालीन सेवाहरूमा जडान

हामी हाम्रो प्राथमिक सेवा रजिस्टरमा भएका मानिसहरूलाई अतिरिक्त सहायता प्रदान गर्नका लागि ब्रिटिस रेडक्रस जस्ता स्थानीय अधिकारीहरू, आपतकालीन सेवाहरू तथा निकायहरूसँग मिलेर काम गर्छौं।

## आपतकालीन विद्युत आपूर्ति

यदि तपाईं विद्युतमा निर्भर रहने चिकित्सकीय उपकरण/सहायता प्रयोग गर्नुहुन्छ भने लामो समयको विद्युतीय कटौतीको बेलामा हामीले तपाईंलाई यताउता लैजान सकिने जेनेरेटरहरू प्रदान गर्ने लक्ष्य राखेका छौं।

## तपाईंको आवश्यकता अनुरूप सुरक्षा सल्लाह प्रदान गरिन्छ

अनुरोध गरिएको खण्डमा हामी तपाईंलाई तपाईंको आवश्यकतासँग मिल्ने गरी कसरी विद्युत कटौतीको लागि तयारी गर्ने भन्ने बारेमा सल्लाह प्रदान गर्छौं, उदाहरणको लागि, ब्रेल, टेक्स्टफोन, अडियो CD वा अङ्ग्रेजीबाहेकको अन्य भाषा।

## तपाईंको समुदायका लागि प्रबन्धहरू

भयानक मौसम र लामो समयसम्मको विद्युत कटौतीको बेलामा, हाम्रो स्थानीय कल्याणकारी सवारी साधनहरूसँगको पहुँचले गर्दा खाना, पेय पदार्थ, न्यानोपन र चार्ज गर्ने पोइन्ट प्रदान गर्ने हाम्रो लक्ष्यलाई सघाउँछ।

## मनको शान्ति

हामी यस्तो सेवा प्रदान गर्छौं जसमा तपाईं स्कटिश र दक्षिणी विद्युतीय सञ्जालहरूसँग कारोबार गर्दा एउटा पासवर्ड प्रयोग गर्न सहमत हुन सक्नुहुन्छ। यसरी हामी तपाईंको व्यक्तिगत सुरक्षा र घरको सुरक्षाको रेखदेख गर्न सक्छौं।

**हाम्रा सबै प्राथमिकता सेवाहरू निःशुल्क छन्**

Scottish & Southern Electricity Networks

**POWER CUT? CALL 105**

# प्राथमिक सेवाहरूका लागि आजै दर्ता गर्नुहोस्।

फाराम भर्नुहोस् वा **नि:शुल्क** फोन गर्नुहोस्

0800 294 3259

0800 316 5457 टेक्स्टफोन

थप जान्नका लागि यहाँ जानुहोस्

ssen.co.uk/priorityservices

## विद्युत कटौतीका लागि तयार रहनुहोस्।

- केही न्यानो कपडाहरू र ब्याट्रीबाट चल्ने टर्च तयार राख्नुहोस्।
- चिकित्सकीय उपकरणको लागि तपाईंसँग ब्याक-अप पावर छ कि छैन भनेर जाँच गर्नुहोस्।
- तपाईंको स्टेयरलिफ्ट विद्युतबिना चलाउन सकिन्छ कि सकिँदैन वा त्यसमा ब्याट्री ब्याक-अप छ कि छैन भनेर जाँच गर्नुहोस्।

/ssencommunity @ssencommunity

स्कटिश र दक्षिणी विद्युतीय संजाल (Scottish and Southern Electricity Networks) ट्रेड नाम हो: स्कटल्याण्ड नं. SC213459 मा दर्ता भएको Scottish and Southern Energy Power Distribution Limited; स्कटल्याण्ड नं. SC213461 मा दर्ता भएको Scottish Hydro Electric Transmission plc; स्कटल्याण्ड नं. SC213460 मा दर्ता भएको Scottish Hydro Electric Power Distribution plc ; (यी सबैको दर्ता कार्यालय Inveralmond House 200 Dunkeld Road Perth PH1 3AQ मा रहेको छ); र इङ्ग्ल्यान्ड र वेल्समा नं. 04094290 मा दर्ता भएको र दर्ता कार्यालय No. 1 Forbury Place 43 Forbury Road Reading RG1 3JH मा भएको Southern Electric Power Distribution plc जो SSE Group www.ssen.co.uk को सदस्य हुन्

006001

# प्राथमिकता सेवा दर्ता फाराम

**सम्पर्क विवरण**

विद्युत कटौतीको समयमा थप मद्दत आवश्यक पर्न सक्ने व्यक्तिको लागि।

**शीर्षक** 

**नाम** 

**थर** 

**ठेगाना** 

**पोस्टकोड** 

**घरको फोन** 

**मोबाइल फोन** 

**टेक्स्टफोन** 

**गृह भ्रमण सुरक्षा**
**(अधिकतम 10 वर्णहरू)**
हामी तपाईंकोमा आउँदा पासवर्ड प्रयोग गर्न चाहनुहुन्छ भने कृपया यहाँ प्रविष्ट गर्नुहोस्:

**मैले मनोनयन गर्न चाहेको सम्पर्क** (यदि लागू भएमा)

प्राथमिकता सेवाहरू र विद्युत अवरोधको सम्बन्धमा हामीले सम्पर्क गर्न सक्ने तपाईंको साथी वा परिवारको सदस्य।

**शीर्षक** 

**नाम** 

**थर** 

**घरको फोन** 

**मोबाइल फोन** 

**टेक्स्टफोन** 

**नाता** 

हामी तपाईंको डेटाहरू कसरी सङ्कलन, भण्डारण र प्रक्रिया गर्छौं भन्ने जानकारीको लागि, ssen.co.uk/PrivacyNotice/ मा हाम्रो गोपनियताको सूचना हेर्नुहोस् (कागज प्रतिलिपि अनुरोध गर्नका लागि हामीलाई सम्पर्क गर्नुहोस्)।

यदि तपाईंलाई प्राथमिकता सेवाको अब आवश्यकता पर्दैन भने, हामीलाई 0800 294 3259 **मा फोन गर्नुहोस्** वा हामीलाई 0800 316 5457 मा टेक्स्टफोन वा Networks.Priority.Services@sse.com मार्फत सम्पर्क गर्नुहोस्, र हामी तपाईंलाई रजिस्टरबाट हटाउनेछौं।

# प्राथमिकता सेवा दर्ता फाराम

**दर्ता गर्नुको कारण** (लागू हुने सबै बकसहरूमा ठीक चिन्ह लगाउनुहोस्)

**चिकित्सकीय उपकरण/सहायता**
जो विद्युतमा निर्भर छ

उपकरणको प्रकार

- दीर्घ रोग
- दृष्टिविहीन
- आंशिक रूपमा देख्ने
- बोल्नमा कठिनाइ भएको
- शारीरिक अशक्तता
- 60 वर्ष कटेको
- मनोभ्रंश (डिमेंशिया)
- चहलपहल गर्नमा कठिनाइ
- विकास अवस्था
- सुन्ने क्षमता गुमेको वा बहिरोपन
- 5 वर्ष मुनिको बच्चा भएको परिवार
- मानसिक स्वास्थ्य

**अस्थायी:**

- जवान वयस्क घर मालिक
- अस्पतालबाट निस्केपछि स्वास्थ्यलाभ गर्दै
- जीवनका परिवर्तनहरू

**तपाईंलाई अतिरिक्त सहायता आवश्यक पर्न सक्ने अन्य कारणहरू** (कृपया खुलाउनुहोस्)

**यदि तपाईंको मातृभाषा अङ्ग्रेजी होइन भने, हामीलाई बताउनुहोस् कि कुन हो?**

**तपाईंले हाम्रो बारेमा कहाँबाट थाहा पाउनुभयो?**

## यो फाराममा हस्ताक्षर गर्नुको अर्थ तपाईंको लागि के हुन्छ

यो फाराममा हस्ताक्षर गरेर तपाईंले यो कुरा बुझेको छु भनेर पुष्टि गर्दै हुनुहुन्छ कि हामीले आपतकालीन समयको बेलामा तपाईंलाई प्राथमिकता सेवा प्रदान गर्नको लागि तेस्रो पक्षलाई तपाईंको विवरण दिनुपर्ने हुन सक्छ; यसमा ब्रिटिश रेडक्रस, स्थानीय अधिकारीहरू वा आपतकालीन सेवाहरू समावेश हुन सक्छन्। यदि तपाईंले कुनै सम्पर्क मनोनित गर्नुभएको छ भने तपाईंले प्राथमिकता सेवा प्रदान गर्ने बेलामा हामीलाई तपाईंको तर्फबाट तपाईंले मनोनयन गर्नुभएको सम्पर्कसँग कुरा गर्नको लागि स्पष्ट मन्जुरी दिँदै हुनुहुन्छ। यसको अर्थ हामीले तपाई बारेको जानकारी र उनीहरूसँगको तपाईंको आपूर्ति साझा गर्नेछौं भन्ने हुन सक्छ।

**प्रिन्ट नाम**

**मिति** **हस्ताक्षर**

## तपाईंको विवरणहरू साझा गर्ने

तपाईंको सहमतिमा, हामी तपाईंको विवरणहरू तपाईंको ऊर्जा वितरक र ग्यास ढुवानीकर्तालाई दिन सक्छौं जसले पनि तपाईंले लाभ लिन सक्ने प्राथमिकता सेवा प्रदान गर्न सक्छ।

- **म आफ्नो विवरण साझा गर्न राजी छु**

कृपया यहाँ पठाउनुहोस्:
Priority Services, Scottish and Southern Electricity Networks, FREEPOST, RTGH-TXXT-ZAEG
Inveralmond House, 200 Dunkeld Road, Perth, PH1 3AQ